# सिस्ने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)
५ नं. प्रदेश नेपाल

सूचना नं.: ४०

सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशित मिति :२०७५।११।२६

सिस्ने गाउँपालिकाको आ.व.२०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रमबाट **सीपमूलक तालिम** सञ्चालन गर्ने कार्यक्रम रहेको हुँदा गाउँपालिकाभित्रका बासिन्दाहरुबाट इच्छाइएको तालिमको प्रकार र व्यवसाय सञ्चालनको प्रतिवद्धता सहित सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र वडा कार्यालयको सिफारिस सहित नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा परिचय खुल्ने कागजात संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्न सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०७५।११।२६

विमला रोका श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

(नोट: निवेदन कार्यालयको इमेल ठेगाना sisnermun@gmail मार्फत पनि पठाउन सकिनेछ।)

सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)
५नं. प्रदेश, नेपाल

सूचना नं.: ४१ प्रथम पटक सुचना प्रकाशित मिति: २०७५/११/२६

सुचना। सुचना ॥ सुचना ।।।

सहकारी खेती साना सिचाइ अनुदान कार्यक्रम अन्तर्गत सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाको को आ.व. २०७५।७६ को स्वीकृत वार्षिक कार्यक्रम (नेपाल सरकार सशर्ततर्फ) अनुसार साना सिचाइ निर्माण मर्मत सम्भारको लागि प्रथम पटक मिति २०७५ फाल्गुन २६ देखि चैत्र ०२ गतेसम्म माग प्रस्ताव पेश गर्न प्रथम पटक सुचना प्रकाशित गरिएको छ। तपशिलमा उल्लेखित कागजातहरु सहित कार्यालय समय भित्र निवेदन पेश गर्न सिस्ने गाउँपालिकाका सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

१. सम्पूर्ण विबरण भरिएको निबेदन फाराम, समूह दर्ता प्रमाण पत्रको प्रतिलिपि ,सम्पूर्ण उपभोक्ताहरुको जग्गा धनी प्रमाण पत्र (लालपूर्जा) अनुसार तिरो तिरेको रसिदको छायाँकपी समावेश गर्नुपर्नेछ ।

२. माग फारममा भनिएको सम्पूर्ण विवरण पुरा भरिएको हुनुपर्नेछ ।

३. साना सिंचाइ आयोजना संचालन गर्ने भन्ने समूहको निर्णय प्रतिलिपि समावेश गर्नुपर्नेछ ।

४. समूहका सदस्यहरुद्वारा गठित उपभोक्ता समितिको विवरण समावेश गर्नुपर्नेछ ।

५.सम्बन्धित वडा कार्यालयको सिफारिस समावेश गर्नुपर्नेछ ।

६. राजस्व वापत रु. २००/- तिरेको रसिद वा भौचरको नक्कल समावेश गर्नुपर्नेछ ।

७.सिचाइ माग गर्ने सहकारी समुहहरु सम्बन्धित निकायमा दर्ता भएका हुनुपर्नेछ ।

८.निवेदन फारम कृषि विकास शाखा तथा सिस्ने गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ ।

७. सुचनाको अन्तिम म्यादको दिन सार्वजानिक परेको खण्डमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समय भित्र पेश गर्न सकिनेछ ।

पुनश्च- पूर्ण नभरिएका र म्याद नाघि आएका निवेदन उपर कुनै कारवाहि हुनेछैन ।

.................. २०७५।११।२६

बिमला रोका श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)
५नं. प्रदेश, नेपाल

सूचना नं.: ४२ प्रथम पटक सुचना प्रकाशित मिति: २०७५/११/२६

पशु तथा कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रम अन्तर्गत सिस्ने गाउँपालिकाको आ.व. २०७५।७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिस्ने गाउँपालिकाभित्र सञ्चालित इच्छुक निजी, उद्यमी, सहकारी संस्था र व्यवसायी फर्महरुबाट सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र अनुदान माग प्रस्ताव पेश गर्न प्रथम पटक सुचना प्रकाशित गरिएको छ । अनुदान कार्यक्रम मेशिनरी औजार, पूर्वाधार निर्माण र प्रविधि विस्तार तथा क्षमता विकासमा लागु हुने हुनाले उल्लिखित कागजातहरु सहित कार्यालय समय भित्र निवेदन पेश गर्न सिस्ने गाउँपालिकाका सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | कार्यक्रम/ व्यवसायको प्रकार | क्षेत्रगत अनुदान रकम | लागु हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १. | पशुपालन | २५,००,०००। | सिस्ने गाउँपालिकाभर | स्थलगत अनुगमन र मुल्याङ्कनका आधारमा अनुदान रकम निश्चित हुने |
| २. | मौरीपालन | १०,००,०००। | सिस्ने गाउँपालिकाभर | स्थलगत अनुगमन र मुल्याङ्कनका आधारमा अनुदान रकम निश्चित हुने |
| ३. | तरकारी खेती | १०,००,०००। | सिस्ने गाउँपालिकाभर | स्थलगत अनुगमन र मुल्याङ्कनका आधारमा अनुदान रकम निश्चित हुने |
| ४. | फलफूल खेती | ५,००,०००। | सिस्ने गाउँपालिकाभर | स्थलगत अनुगमन र मुल्याङ्कनका आधारमा अनुदान रकम निश्चित हुने |

१. सम्पूर्ण विवरण भरिएको प्रस्ताव, समूह, फर्म, व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि, व्यवसाय सञ्चालन गरिरहेको जग्गाको जग्गा धनी प्रमाण पत्र (लालपूर्जा) को प्रतिलिपी, तिरो तिरेको रसिदको छायाँकपी समावेश गर्नुपर्नेछ । जग्गा भाडामा लिई व्यवसाय सञ्चालन गरेको भए जग्गा भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपी ।

२. समुह, फर्म, सहकारी संस्था, व्यवसाय दर्ता नवीकरण अनिवार्य रुपमा गरेको हुनुपर्नेछ । व्यवसाय र सहकारी संस्थाको हकमा कर चुक्ताको प्रमाणपत्र संलग्न गर्नुपर्नेछ ।

३. प्रस्ताव माग फारममा भनिएको सम्पूर्ण विवरण पुरा भरिएको हुनुपर्नेछ ।

४. समुह, सहकारीको हकमा अनुदान माग गर्ने भन्ने निर्णय प्रतिलिपि समावेश गर्नुपर्नेछ ।

५. सञ्चालित व्यवसायको विबरण समावेश गर्नुपर्नेछ ।

६.सम्बन्धित वडा कार्यालयको सिफारिस समावेश गर्नुपर्नेछ ।

७. राजस्व वापत रु. २००/- तिरेको रसिद वा भौचरको नक्कल समावेश गर्नुपर्नेछ ।

८.अनुदान माग गर्ने फर्म, व्यवसाय, सहकारी /समुहहरु सम्बन्धित निकायमा दर्ता भएका हुनुपर्नेछ ।

९.निवेदन फारम कृषि सेवा केन्द्र तथा सिस्ने गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१०. सुचनाको अन्तिम म्यादको दिन सार्वजनिक परेको खण्डमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समय भित्र पेश गर्न सकिने छ ।

पुनश्च- पूर्ण नभरिएका र म्याद नाघि आएका निवेदन उपर कुनै कारबाहि हुनेछैन ।

.......... ७५।११।२६

बिमला रोका श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत